## Ⅳ-4 सम्बन्धबिच्छेद

अन्तर्राष्ट्रिय विवाहको मामलामा,कानूनी सम्बन्ध जटिल छ । जापानमा प्रक्रियाको क्रममा सम्बन्ध विच्छेद भएपनि तपाइँको देशमा अमान्य हुन सक्ने छ । केवल जापानी कानुन बमोजिम सम्बन्धविच्छेदको प्रक्रियाको सामान्य विवरण रहेको छ।



## 1. सम्बन्धविच्छेद गर्दा

पति वा पत्नी जापानी व्यक्ति हो, र दुबै जोडीको सम्बन्ध विच्छेद भएको थाहा पाएर पनि त्यसो गर्न सहमत हुनुहुन्छ भने, तपाईं जापानीको कानून बमोजिम सम्बन्ध विच्छेद दिन सक्नुहुन्छ। जापानमा, पति र पत्नी सम्बन्ध विच्छेद गर्न सहमत भएमा नगरपालिकालाई सम्बन्ध विच्छेदको सूचना दिनुपर्छ।
जापानमा पारिवारिक अदालतले स्वीकार गरेको सम्बन्ध विच्छेदपछि आफ्नो देशमा सम्बन्ध विच्छेदको सूचना दिनुपर्छ।
जापानमा सम्बन्ध विच्छेद तर आफ्नो देशमा पनि सन्बन्द बिच्छेद को प्रकिया पुरा भएन भने पछि समस्या उत्पन्न हुन सक्छ।पति,पत्नी विदेशी नागरिक भए सम्बन्ध विच्छेदको लागि आवश्यक प्रक्रियाहरू देश अनुसार निर्भर हुने भएकाले तपाईंको देशको दूतावास वा वाणिज्य दूतावासमा सम्पर्क गर्नुहोस्। (Ⅸ－5)

## 2. सम्बन्धबिच्छेद चाहनुहुन्न

यदि तपाइँ आफ्नो जापानी पति / पत्नीबाट नचाहनु भएको सम्बन्ध विच्छेदको सामना गर्नुपर्यो भने, अर्को पक्षले सम्बन्धविच्छेदमा हस्ताक्षर गरे र सरकारी कार्यालयमा पेश गरेमा सम्बन्ध विच्छेद हुनसक्छ। यसका लागि जापानी पति / पत्नीको स्थायी बसोबास वा निवास नगरपालिकामा सम्बन्धविच्छेदको सूचना गर्नु पर्छ । आवेदन दिइसकेपछि, मध्यस्थता वा अदालत बिना सम्बन्धविच्छेद हुदैन। त्यसका लागि "छलफल विच्छेद आदेश" लाई जवाफ दिनुपर्छ । दम्पती विदेशी नागरिक भएमा यो लागू हुँदैन।

## 3. सम्बन्ध बिच्छेदपछिको जापान निवास

येदि तपाई जापानी नागरिक संग बिवाह गरि फेमिली भिसामा हुनु हुन्छ अथवा बिदेसी नागरिक को फेमिली भिसामा हुनु हुन्छ र संबंदित ब्येक्ति संग तपाई को संबध बिच्छेद भयो भने त्येसको १४ दिन भित्र अध्यागमन ब्यूरो लाई सम्बन्धविच्छेदको निबेदन पठाई सूचना गर्नु पर्छ । पारिवारिक भिसामा वा परिवारका सदस्य जापानी पति/पत्नी, तथा स्थायी निवासीको जीवनसाथीको आवासीय योग्यता भएको व्यक्ति हुनु हुन्छ र संबध बिच्छेद भएको छ भने तपाई को संबध बिच्छेद हुनु पहिलेको फेमिली भिसा रद्द हुन सक्छ । यदि तपाईंले विसा स्टेट्स परिवर्तन गर्नुभएन भने, तपाईं जापानमा रहिरहन सक्नुहुन्न। कृपया अध्यागमन ब्यूरोको परामर्श काउन्टरहरू वा विदेशी नागरिकको परामर्स गर्ने सूचना केन्द्रमा सम्पर्क गरि बिस्रित जानकारी लिनुहोस् गर्नुहोस् (परिशिष्ट Ⅸ－2)

## 4. दर्ता आईटमहरूमा परिवर्तन

सम्बन्ध विच्छेद पछि नाम, थर फेरिएमा अध्यागमन कार्यालय गई परिबर्तन गर्नु होला। बसाई सर्नु भयो भने संबंदित नगरपालिका (परिशिष्ट Ⅸ－1) मा गइ बसाई सराईको निबेदन दिनु होला।